# सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश आर्थिक (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को अनुसूची-२ को खण्ड (क) र खण्ड (ग) मा संशोधनः** सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को अनुसूची-२ को,-

(१) खण्ड (क) सवारी साधन करको क्रम संख्या २. पछि देहायको क्रम संख्या ३. (क), (ख) र क्रम संख्या ४. (क) थपिएका छनः-

| | | |
|---|---|---|
| "३. निजी विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
| (क) | मोटरसाइकल/स्कुटर | वार्षिक कर दर |
| | (अ) ५०० वाटसम्म | रु.१,०००/- |
| | (आ) ५०१ वाट भन्दा माथि १००० वाटसम्म | रु.१,५००/- |
| | (इ) १००१ वाट भन्दा माथि १५०० वाटसम्म | रु.२,०००/- |
| | (ई) १५०१ वाट भन्दा माथि सबै | रु.३,०००/- |
| (ख) | कार, जीप, भ्यान, माइक्रोबस र बस | |
| | (अ) ४९ किलो वाटसम्म | रु.१०,०००/- |
| | (आ) ४९ किलो वाट भन्दा माथि १२५ किलो वाटसम्म | रु.१५,०००/- |
| | (इ) १२५ किलो वाट भन्दा माथि २२५ किलो वाटसम्म | रु.२०,०००/- |
| | (ई) २२५ किलो वाट भन्दा माथि सबै | रु.३०,०००/- |
| ४. सार्वजनिक विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
| (क) | कार, जीप, भ्यान, माइक्रोबस र बस | वार्षिक कर दर |
| | (अ) ४९ किलो वाटसम्म | रु.२,५००/- |
| | (आ) ४९ किलो वाट भन्दा माथि १२५ किलो वाटसम्म | रु.४,५००/- |
| | (इ) १२५ किलोवाट भन्दा माथि २२५ किलो वाटसम्म | रु.१०,०००/- |
| | (ई) २२५ किलोवाट भन्दा माथि सबै | रु.१५,०००/-" |

(२) खण्ड (ग) विविधको क्रम संख्या १२. पछि देहायको क्रम संख्या १३. थपिएको छः-

"१३. पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा प्रचलित कानुन बमोजिम लाग्ने सवारी साधन करमा बिस प्रतिशत छुट हुनेछ ।"

प्रदेश सभाको सम्वत् २०८० साल जेठ २१ गते आइतबारका दिन बसेको दोश्रो अधिवेशनको ५औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

....................

माननीय भीम बहादुर भण्डारी

सभामुख

सुदूरपश्चिम प्रदेश

मितिः २०८०/०२/२९

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

मितिः

....................

माननीय देवराज जोशी

प्रदेश प्रमुख